# ब्यवसायिक कुखुरापालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफना ३२ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ मंसिर १७ गतेदेखि १९ गतेसम्म रुकुम जिल्लाको चौरजहारीमा **"ब्यवसायिक कुखुरापालन तालिम"** सम्पन्न गरेको संस्थाका चौरजहारी शाखाका प्रमुख शेखर चन्द्र पौडेलले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु गणेश वुढामगर, मिन बहादुर हमाल, शेखर चन्द्र पौडेल रहेका थिए ।एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिइ रहेको यस संस्थाबाट कर्जा लिइ ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका कार्यक्रम अधिकृत मिन बहादुर हमालले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको चौरजहारी शाखाका प्रमुख शेखर चन्द्र पौडेलले प्रकाश पारेका थिए ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका ७७ वटै जिल्लाहरुमा शाखा सञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा पुऱ्याइ रहेको छ । ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराइ विना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, वौद्धिक विकास गर्दै आइ रहेको छ । देशको कुना कुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आइ रहेको र तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आइ रहेको छ । संस्थाले २०७५ कार्तिक मसान्तसम्ममा ३ लाख २८ हजार ९०६ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाको २०७५ कार्तिक मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १६ अरब ११ करोड ८१ लाख रहेको छ भने ग्राहक सदस्यहरुको ९ अरब १३ करोड ६५ लाख बचत परिचालन गरेको छ । कुखुरापालन गरी रहेका र कुखुरा पाल्न ईच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराइएको संस्थाका कार्यक्रम अधिकृत मिन बहादुर हमालले जानकारी गराएका थिए

कुखुपालन ब्यवसाय परिचय, स्थानीय र उन्नत कुखुरामा भिन्नता, कुखुरापालनको महत्व, आवश्यकता र वर्तमान स्थिति तथा नेपालमा पालिने स्थानीय तथा बोईलरहरुको जातिय परिचय, कुखुरापालन विधि, कुखुरालाई भूँईको आवश्यकता तथा खोर निर्माण गर्न स्थानको

छनौट, स्थानीय श्रोत साधन प्रयोग गरी उन्नत खोर निर्माण गर्ने तरिका र खोरमा हावा, ताप, प्रकाश, आद्रताको महत्व, सोतरको महत्व एवम् सोतरको लागि प्रयोग गरिने वस्तुहरु, उमेर अनुसार कुखुरालाई आहारको आवश्यकता तथा आहाराका श्रोतहरु बारे जानकारीको साथै सन्तुलित दाना बनाउने विधि र स्थानीय श्रोत साधनको प्रयोग गरी सन्तुलित दाना बनाउने तरिका, खोर, दानापानी दिने भाँडाहरुको सरसफाईको साथै उमेर र तरिकाहरु बारे आवश्यक जानकारी, रोगी तथा निरोगी कुखुरा पहिचान, रोग लाग्नाका कारण तथा कुखुरामा लाग्ने रानीखेत रोग, गम्बारो रोग, रोगको लक्षण, उपचार तथा रोकथामका उपाय बारे जानकारी, कुखुरामा हुने आन्तरीक र वाह्य परिजिविहरुको नियन्त्रण साथै खोप कार्यक्रम बारे जानकारी, कमी, कमजोरी, संरक्षण तथा विकास, बजार व्यवस्थापन, कुखुरापालनको स्किम, बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको र संस्थाका सेवाहरुको बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गर्ने कुरा शाखा प्रमुख शेखर चन्द्र पौडेलले बताएका थिए ।

तालिमको अन्त्यमा सहभागी चन्द्री घर्तीमगर, सहभागी सुमित्रा भण्डारी, सहभागी सरस्वती शर्मा र सहभागी गोमा लामिछानेले मन्तब्य राखेका थिए । ब्यवसायिक रुपमा कुखुरापालन गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । संस्थाको वीरेन्द्रनगर क्षेत्रीय कार्यालयका कार्यक्रम अधिकृत मिन बहादुर हमालले गरेका थिए भने तालिमको संचालन चौरजहारी शाखाका कर्मचारी शशीराम बोहोराले गरेका थिए ।